मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

अलबिदा यादव ! -पृष्ठ २



◆ वर्ष : २५ ◆ अङ्क : १५१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख १८ गते बिहीवार (Thursday, April 30. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारू : ४/-



**ढकमक्क फुलेको म्याकाराण्डाः काठमाडौंको भद्रकाली–सिंहदरबार पुल किनारमा ढकमक्क फुलेको म्याकाराण्डा फूल । तस्वीर : चन्द्रकला क्षेत्री/रासस**

# मुसहर समुदाय दङ्ग

## भन्छन्- दशकपछि पक्कीको घरमा बस्ने सपना पूरा भयो

**लक्ष्मी उप्रेती**



**मेचीनगर, बैशाख १७।** झापा मेचीनगर-११का मुसहर समुदाय जनता आवास कार्यक्रम अन्तर्गत घर पाएपछि निक्कै खुशी छन् । फुसको घर हटाएर सरकारले पक्की घर बनाई दिएपछि उनीहरु सधैंको घामपानीबाट जोगिएको बताउँछन् ।

नीलो जस्ताको छानो, वरिपरि इँटाको गारो, झ्याल ढोका मजवुत काठको हेर्दै चिटिक्क देखिने र एकै खालका घर । अनि त्यही घर वरिवरि खेलिरहेका छन् मुसहर समुदायका स-साना केटाकेटी । हिजोसम्म खर र परालको छानो, वरिपरि सुन्ठीको बेरा, घामपानी बाहिरै जान नसक्ने घरैमा बढो दुःख कष्टका साथ जीवन गुजार्दै आएका मेचीनगरका दलित मुसहर समुदाय यस्तो घर पाउँदा अहिले निक्कै दङ्ग छन् र भन्छन्– 'दशकपछि पक्कीको घरमा बस्ने सपना बल्ल पूरा भयो ।'

१ नम्बर प्रदेश सरकारको जनता आवास कार्यक्रम अन्तर्गत झापाको मेचीनगरमा ६ महिनाअघि घर निर्माण गर्ने कार्य शुरु भएको थियो । अघिल्लो वर्षको मंसीर २ गते मेचीनगर–११ स्थित गोजावस्तीमा संघीय सांसद सुरेन्द्रकुमार कार्कीले आवास निर्माण कार्यक्रमको शिलान्यास गरेका थिए ।

नेपाल सरकारले सुचिकृत गरेको दलित, अल्पसंख्यक लोपोन्मुख जातिमध्येको घर बनाएर आवास उपलब्ध गराउन जनता आवास कार्यक्रम शुरु गरेपछि निर्माण कार्य धमाधम अघि बढेको थियो । निर्माण शुरु भएको ६ महिनामा सम्पन्न भए पश्चात घर पाउँदा अहिले त्यहाँका मुसहर समुदायमा खुशीको सीमा नै छैन ।

सांसद कार्कीले त्यसबेला स्थानीय ढाकु मुसहरको घरको शिलान्यास गरेर कार्यक्रमको उद्घाटन गरेका थिए । उसबेला र अहिलेको घरका बारेमा बताउँदै ढाकुकी श्रीमती सन्जा मुसहर भन्छिन् –'हाम्रो सबै घर लडिसकेको थियो । आठ-आठजनाको परिवार बस्न पनि गाह्रो थियो । पानी आएका बेला घर नै पोखरी हुन्थ्यो । घरभित्र पानी जमेर बस्न सुत्न ज्यादै समस्या थियो । सरकारले घर बनाइदिएर यो दुःखकष्टबाट पार गरेको छ । हामी धेरै खुशी छौं । यो देशमा पनि सरकार रहेछ भन्ने बल्ल भएको छ ।'

४५ वर्षीया सन्जाको आठ जनाको परिवारले चुहिने छानो र भत्केको टाटी बेराभित्र नै धेरै हिउँद र बर्खा बिताएको दुखेसो व्यक्त गरिन् । पानी आउँदा पनि समस्या थियो, घाम लाग्दा पनि उनले भनिन् -'पानी परेका बखत त रातभरि सुत्न पाइँदैनथ्यो चुहिएर यी नै भएका ओढ्ने ओछ्याउनेसमेत भिज्थे अनि रातभर घरमै भएका छाता र घुम ओढेर घरभित्रै रात कटाउनु पर्ने बाध्यता उनको थियो ।'

(बाँकी अन्तिम पृष्ठमा)

# गौरादहमा किन यस्तो ?

**गौरादह, बैशाख १७।** गौरादह नगरपालिकाभित्रका बजारहरुमा लकडाउनको समयमा अत्यावश्कीय खाद्यान्न तथा तरकारी पसलहरु खोल्ने समयमा एकरुपता नभएको पाइएको छ ।

फरक-फरक वार्डमा रहेका बजारहरु खुल्ने समय पनि फरक-फरक रहेको पाइएको हुँदा खाद्यान्न तथा तरकारी पसलहरू खोल्ने समय एकरूपता नभएको हो ।

जिल्लाका १४ वटा स्थानीय तहका प्रमुख, सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रमुख सम्मिलित बैठकले मंगलवार विहान ८ बजेदेखि ११ बजेसम्म झापाका खाद्यान्न, कृषि र औषधि पसल खोल्ने निर्णय भए पनि जिल्लाका स्थानीय बजारहरूमा रहेका अत्यावश्कीय पसलहरू खोल्ने समय एकरूपता छैन ।

कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रणका लागि अपनाइएको लकडाउनको पालना गर्नका लागि स्थानीय सरकारले गौरादह नगरपालिकाभित्र रहेका बजारहरु बन्द गराएको छ ।

बजार बन्द भए पनि खाद्यान्न तथा तरकारीका पसलहरु केही घण्टाका लागि खोल्ने गरिएको छ । बजार बन्द गरेपछि उपभोक्तालाई आवश्यक सामग्री खरिदका लागि पसल खोल्न निर्धारण गरिएको समयमा भने बजारै पिच्छे समय फरक-फरक रहेको छ । सर्वपक्षीय छलफलबाट नगरभित्र रहेका पसलहरु १२ बजेदेखि ४ बजेसम्म खोल्ने निर्णय भएपछि गौरादह उद्योग बाणिज्य संघले सोही निर्णयलाई कार्यान्वयन गर्न सबैमा अनुरोध

(बाँकी अन्तिम पृष्ठमा)

# मनभरि डर, हाँसेर पठाउनुपर्ने कर



रवीन्द्रप्रसाद लिङ्देन र शिखा लिङ्देन



जयनारायण साह



दिपिन्द्र थापा

**जनप्रतिनिधिका घरका पीडा**

**बिर्तामोड, बैशाख १७।** कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण लामो समयदेखि मुलुक लकडाउनमा (बन्दाबन्दी) छ ।

यो बेला सबैतिर सुनसान छ । महामारीका कारण मुलुक नै सुनसान भइरहेको अवस्थामा सावधानी अपनाउँदै आफ्ना नागरिकको रेखदेख गर्ने गहन जिम्मेवारी जनप्रतिनिधिमा हुन्छ नै । त्यस्तै गहन जिम्मेवारी निर्वाह गर्न योग्य ठहऱ्याएर नै जनताले चुनेका हुन्- जनप्रतिनिधि ।

मुलुकको यस्तो विषम् परिस्थितिमा पनि सावधानी अपनाएर अहिले सबै जनप्रतिनिधि जनताको घर दैलोमा छन् । आफ्नै ज्यान कसरी बचाउने हो ठेगान नभएको अबस्थामा मुस्कुराउँदै जनताको घर आगनमा छन्- जनप्रतिनिधि । आफ्ना नागरिकलाई घर-घरमा पुगेर दुःख- सुख, आपत विपद्, सन्चो बिसन्चो, सोध्नु जनप्रतिनिधिको अहिलेको दैनिकी नै छ । खान नहुनेलाई खानाको प्रवन्ध मिलाउनुपर्ने बाध्यता पनि छ- जनप्रतिनिधिलाई अहिले ।

विपद्को यो क्षणमा सबै डराएका बेला जनप्रतिनिधि पनि डराउनु स्वभाविक हो । तर, गहन जिम्वेवारीका कारण उनीहरु डर लुकाएर भए पनि अहिले आम नागरिकसम्म पुग्नु नै छ । यस्तो अवस्थामा जनप्रतिनिधिका घर परिवार पनि डराएका हुन्छन् नै । नहुन् पनि किन उनीहरुका मनमा पनि कोरोनाको त्रास छ नै । त्रासका बीच पनि घर परिवारले मुस्कुराउँदै जनप्रतिनिधिलाई आफ्नो कर्ममा पठाउनुपर्छ नै । पठाएका पनि छन् ।

विपद्ले चारैतिर गाजेको बेला झापाका सबै जनप्रतिनिधि विपद्को सामनाका लागि तयार छन् । विपद् निम्तनु पूर्व नै आवश्यक सम्पूर्ण तयारी पूरा गर्दै सबै नागरिकलाई सुरक्षित रहन सुझाइरहेका छन् हरेक स्थानीय तहले । जसमध्ये हल्दिवारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देन पनि एक

(बाँकी अन्तिम पृष्ठमा)





# आगामी मनसुन जेठ १९देखि

**काठमाडौं, बैशाख १७।** आगामी मनुसुन अवधि (२०७७ जेठ १९देखि असोज १४ गतेसम्म) मा नेपालको औषत वर्षा, सरदर ९६ प्रतिशत हुने जलवायु प्रारुपले देखाएको छ ।

साथै क्षेत्रगत रूपमा नेपालका अधिकांश भूभागमा सरदर वर्षा हुने सम्भावना रहेको छ । यद्यपि प्रदेश नं १, बाग्मती र गण्डकी प्रदेशको उत्तरी भूभागमा सरदर वर्षा हुने सम्भावना ५० प्रतिशतभन्दा बढी रहेको छ भने अन्य भूभागहरुमा त्यो भन्दा कम वर्षा हुने सम्भावना रहेको ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

यो आँकलन विभागको मनसुनी वर्षा आँकलन गर्ने प्रारुप र दक्षिण एशियाली जलवायु दृष्टिकोण मञ्चले सार्वजनिक गरेको दक्षिण एशियाको आगामी मनसुनी वर्षाको आँकलनका आधारमा तयार गरिएको विभागका वरिष्ठ मौसमविद् डा. इन्दिरा कँडेलले जानकारी दिइन् । सामान्यतया सरदर वर्षा भन्नाले कुनै पनि स्थानको लामो समय (सन् १९८१ देखि २०१०) को ३४ देखि ६७ प्रतिशतको वर्षालाई जनाउँदछ भने सरदरभन्दा कम र बढीको वर्षा भन्नाले क्रमशः ३४ प्रतिशतभन्दा कम र ६७



प्रतिशतभन्दा बढीको वर्षालाई जनाउँछ ।

यस वर्ष बङ्गलादेशको ढाकामा यही बैशाख ८ देखि १० गतेसम्म दक्षिण एशियाली मुलुकहरुको जलवायु दृष्टिकोण सम्बन्धी साझा मञ्चको १६औं सत्र कोभिड-१९को महामारीका कारण 'अनलाइन सत्र'को रूपमा सम्पन्न भएको थियो । उक्त भिडियो कन्फ्रेन्समा दक्षिण एशियाका नेपाल, भारत, पाकिस्तान, भूटान, बङ्गलादेश, माल्दिभ्स, श्रीलङ्का, अफगानिस्तान र म्यान्माका सरकारी सेवाका मौसम विज्ञानका विज्ञहरु र विश्व मौसम सङ्गठन, विश्व मौसम सङ्गठनको क्षेत्रीय जलवायु केन्द्र भारत, युके मेट अफिसलगायत क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय संघ-संस्थाका प्रतिनिधिको सहभागिता रहेको उनले बताए ।

यस मञ्चले मुलतः यस वर्षको मनसुनमा दक्षिण एशियाली मुलुकमा हुने वर्षाको अवस्था कस्तो रहन्छ भन्ने विषयमा छलफल केन्द्रित रही यसको आँकलनसमेत गरेको छ । मञ्चका अनुसार दक्षिण एशियाका धेरै भागमा यस वर्षको मनसुनी वर्षा साधारणतयाः सरदर हुने भन्दै आफ्नो साझा दृष्टिकोण सार्वजनिक गरेको छ । सो दृष्टिकोण बमोजिम नेपाल, भारतलगायत धेरैजसो देशमा यस वर्षको मनसुन सिजनमा सरदर वर्षा हुने सम्भावना रहेको छ भने दक्षिणी तथा मध्य पाकिस्तानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ ।

उक्त साझा दृष्टिकोण दक्षिण एशियाको हावापानीलाई मुख्य प्रभाव पार्ने विद्यमान जलवायुको अवस्था र विश्वव्यापी जलवायु प्रारुपको ऋतुगत पूर्वानुमानको प्राविधिक विश्लेषण गरी मौसामविद्हरुद्वारा तयार गरिएको वरिष्ठ मौसमविद् डा. कँडेलले बताए ।

साझा दृष्टिकोण तयार गर्ने क्रममा दक्षिण एशियाको जलवायुलाई प्रभाव पार्ने प्रशान्त महासागर र हिन्द महासागरको पानीको तापक्रममा निर्भर रहने जलवायु मोडल र अन्य सूचकको आँकलनसँगै अन्तरऋतु परिवर्तनशीलताका कारकलाई समेत मध्यनजर गरी तयार गरिएको छ ।

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## एकै गाउँका चार जनाको रहस्यमय मृत्यु

**महोत्तरी, बैशाख १७।** महोत्तरीको भङ्हा नगरपालिका-७ मा विगत दुई दिनमा एकै गाउँका चारजनाको रहस्यमय मृत्यु भएपछि गाउँमा त्रास छाएको छ।

भङ्हा नगरपालिका-७ मेघनाथ गोरहन्ना गाउँमा मङ्गलबार र बुधबार गरी दुई दिनमा चारजनाको रहस्यमय मृत्यु भएपछि गाउँलेमा त्रास बढेको वडाध्यक्ष वासुदेवसिंह थारुले बताए।

उनका अनुसार एकपछि अर्को गरी स्थानीयवासी ४० वर्षीय मोहन चौधरी, ५२ वर्षीय नथुनी चमार, ५४ वर्षीय लालबाबु सिंह र ५२ वर्षीय गङ्गाराम सदाको मृत्यु भएपछि अहिले गाउँमा त्रास उत्पन्न भएको हो। वडाध्यक्ष थारुले चारैजनाले रक्सी पिउने गरेका र गाउँमा अत्यधिक मात्रामा रक्सी उत्पादन भइरहेकाले उनीहरुको विषाक्त रक्सी सेवनबाट मृत्यु भएको हुन सक्ने आशङ्का गरे।

यस सन्दर्भमा महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले उनीहरुको मृत्यु दुई/तीन दिनको अन्तरालमा भएको हामीले खबर पाएको तर शव परीक्षण नगरी उनीहरुको मृत्यु रक्सी सेवनबाटै भएको निष्कर्षमा पुग्न नसकिने बताए। प्रहरी उपरीक्षक अधिकारीले घटनाको जानकारी प्राप्त भएलगत्तै सो गाउँमा व्यापक प्रहरी परिचालन गरेर बुझ्न लगाउँदा मृतकमध्ये तीनजनालाई आफन्तले दाहसंस्कार गरिसके पनि मृतक लालबाबु सिंहको शव बुधबार प्रहरीले जलाउनुअघि नै नियन्त्रणमा लिइसकेको तथा परीक्षणका लागि अस्पतालमा पठाएको बताए।

यसैबीच विषाक्त रक्सी सेवनबाट उनीहरुको मृत्यु भएको अड्कलबाजी भइरहेकै अवस्थामा प्रहरी मृतकमध्ये लालबाबु सिंहको घरबाट रक्सी बरामद गरेको छ भने स्थानीय रामपुकार सिंहको घरमा मदिरा बनाउने भट्टी तथा मदिरा तयार गर्न राखिएको ८०० लिटर कच्चा पदार्थसमेत बरामद गरेको प्रहरी उपरीक्षक अधिकारीले बताए।

## ५५९ लिटर घरेलु रक्सीसहित ५ जना पक्राउ

**मोरङ, बैशाख १७।** कटहरी गाउँपालिका-३ कटहरी चोकबाट अवधै घरेलु मदिरा करिब ५ सय ५९ लिटर सहित ५ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा बेलबारी नगरपालिका-११ बस्नेहरु ४० वर्षीया मिना गुरूङ, ४४ वर्षीया अनिता राई, ४० वर्षीया रिता गुरूङ, ३५ वर्षीया आस्मा तामाङ र ४६ वर्षीय दिपक गुरूङ रहेका छन्। सोही ठाउँस्थित खटिएको प्रहरीले को.१ च २५३१ नम्बरको भेनलाई जाँच गर्ने क्रममा उक्त घरेलु मदिरा सहित उनीहरुलाई पक्राउ गरेको हो।

उनीहरुलाई आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय विराटनगरमा बुझाउने पहल भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## मानवअधिकार अनुगमनमा समावेशीकरण माग

**काठमाडौं, बैशाख १७।** कोभिड-१९का समयमा मानवअधिकार अवस्था अनुगमन गर्न गठित संयन्त्रलाई लैङ्गिक र सामाजिक समावेशीयुक्त बनाउन महिला, कानून र विकास मञ्च (एफडब्लुएलडी) ले माग गरेको छ।

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण गराउन पत्र लेख्दै यस्तो माग गरेका छन्। मानवअधिकार अवस्था अनुगमन सम्बन्धी सबै तहका समितिमा अनिवार्य महिला प्रतिनिधित्वको सुनिश्चिततासहित लैङ्गिक तथा सामाजिक समावेशीकरणयुक्त बनाउन आयोगको ध्यानाकर्षण गर्दछौं-, पत्रमा उल्लेख गरिएको छ।

आयोगको अग्रसरतामा 'कोभिड-१९को सन्दर्भमा मानवअधिकार अवस्था अनुगमन नेटवर्क' को स्थापना गरेकामा मञ्चले स्वागत गरेको छ। नेटवर्क अन्तर्गत राष्ट्रव्यापी रूपमा अनुगमन गर्न चार तहको उच्चस्तरीय, केन्द्र, प्रदेश र जिल्लास्तरीय मानवअधिकार अवस्था अनुगमन समिति गठन गरेकामा मञ्चले आभार पनि व्यक्त गरेको छ।

नेटवर्कका समितिको सदस्य मनोनयन गर्दा समग्र समावेशितालाई ध्यान दिने कार्यविधिमा उल्लेख भए पनि गठन भएका उच्चस्तरीय मानवअधिकार अवस्था अनुगमन तथा समन्वय समितिलगायत विभिन्न तहका समितिमा महिला सहभागिता शून्य रहेकामा मञ्चले आयोगलाई ध्यानाकर्षणपत्र लेखेको कार्यकारी निर्देशक श्रेष्ठले बताए।

मानवअधिकार अवस्था अनुगमन नेटवर्कको कार्यविधिले औंल्याएका अनुगमनका क्षेत्र वर्तमान कोभिड-१९को सन्दर्भमा उपयुक्त र समसामयिक रहेको भन्दै मञ्चले वर्तमान जटिल परिस्थितिमा लैङ्गिक र सामाजिक समावेशीकरणमा जोड दिन अनुरोध गरेको हो।

## कमलाले क्वारेन्टाइनमै जन्माइन् बच्चा

**झापा, बैशाख १७।** पश्चिम सुर्खेतमा क्वारेन्टाइन बसेकी एक महिला सुत्केरी भएकी छन्।

पञ्चपुरी नगरपालिकाले विद्यापुर क्याम्पसमा सञ्चालन गरेको क्वारेन्टाइनमा रहेकी कमला नेपाली मंगलबार बिहान छोरा जन्माएकी हुन्।

नगरप्रमुख उपेन्द्रबहादुर थापाले कमलालाई सुत्केरी व्यथा लागेपछि स्वास्थ्यचौकी लगिएको बताए। आमा र शिशु दुवैको अवस्था सामान्य रहेको स्वास्थ्य चौकीले जनाएको छ। नगरप्रमुख थापाका अनुसार सुत्केरी भएपछि उनलाई होम क्वारेन्टाइनमै राखिने गरी पठाइनेछ। पञ्चपुरी-६ छाप्रेकी कमला चितवनबाट वीरेन्द्रनगर हुँदै आइतबार श्रीमान्सँगै विद्यापुर पुगेका थिइन्।

# खाद्यवस्तुको मूल्य तोक्न स्थानीय सरकारलाई सुझाव



**कमला खतिवडा**
उपप्रमुख
अर्जुनधारा नगरपालिका



**भरतबहादुर पुरी**
खाद्य निरीक्षक
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय



**कुमार भट्टराई**
अध्यक्ष
बिर्तामोड उद्योग वाणिज्य संघ



**मदन गोपाल सुब्बा**
अध्यक्ष
राष्ट्रिय उपभोक्ता मञ्च, झापा



**कोपिला बस्नेत**
अध्यक्ष
कन्जुमर आई नेपाल, झापा



**सरस्वती चम्लागाई**
अध्यक्ष
विश्व उपभोक्ता महासंघ

**बिर्तामोड, बैशाख १७।** बजारमा बढ्दो महंगी, कृत्रिम अभाव र कालोबजारी नियन्त्रण गर्न तत्काल बजार अनुगमन र कार्वाहीलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ।

सरोकारवालाहरुबीच भएको 'भिडियो संवाद'बाट स्थानीय सरकारलाई सबै खाद्यवस्तुको मूल्य निर्धारण गर्न सुझाव दिइएको छ। साथै स्थानीय सरकारले तोकेको मूल्य हरेक पसलमा टाँस गर्नुपर्नेमा उनीहरुले जोड दिएका छन्। महंगी नियन्त्रणका लागि यो नै उपयुक्त विधि हुने तथा अनुगमन र कार्वाहीलाई समेत सँगसँगै अगाडि बढाउनुपर्ने उनीहरुको सुझाव छ।

अर्जुनधारा नगरपालिकाकी उपप्रमुख कमला खतिवडा आचार्य, खाद्य परीक्षण तथा गुण नियन्त्रण कार्यालय झापाका खाद्य निरीक्षक भरतबहादुर पुरी, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, राष्ट्रिय उपभोक्ता मञ्चका जिल्ला अध्यक्ष मदन गोपाल सुब्बा, कन्जुमर आई नेपालकी जिल्ला अध्यक्ष अधिवक्ता कोपिला खड्का बस्नेत, विश्व उपभोक्ता महासंघकी अध्यक्ष सरस्वती चौलागाँईबीच भएको संवादमा पाँच बुँदे निष्कर्षसहित सरोकारवालालाई सुझाव दिइएको छ। अनुगमनका क्रममा उपभोक्तावादी संस्था, उद्योग वाणिज्य संघका प्रतिनिधि, विषयविज्ञहरुलाई अनिवार्य समेट्न सुझाइएको छ।

महामारीको यसको घडीमा सम्पूर्ण उपभोक्ताले सामाजिक दुरी कायम राखी खाद्य सामग्री खरिद गर्न, अनावश्यक भीडभाड नगर्न र आवश्यक खाद्य सामग्री मात्र सञ्चय गर्न समेत आग्रह गरिएको छ। त्यस्तै संकटको यो बेलामा मूल्यबृद्धि नगर्न र कृत्रिम अभाव सृजना नगर्न व्यवसायीहरुलाई आग्रह समेत गरिएको छ। त्यस्तै राहत वितरण गर्दा गुणस्तरीय खाद्यवस्तु वितरणमा जोड दिइएको छ। बजारमा अत्यावश्यकवस्तुको अभाव हुन नदिन उद्योगी, व्यवसायी, प्रशासन र विभिन्न तहका सरकारसँग समन्वय गरी काम गर्नुपर्नेमा समेत जोड दिइएको छ।

ग्रामीण क्षेत्रमा उत्पादित कृषिजन्य वस्तुलाई बजारसम्म सहज रुपमा पुर्‍याउन उद्योग वाणिज्य संघहरुले समन्वय गरिदिन पनि आग्रह गरिएको छ। भिडियो संवादको संयोजन तथा सहजीकरण संवाद समूह झापाले गरेको थियो।

संवादमा अर्जुनधारा नगरपालिकाकी उपप्रमुख आचार्यले नगरपालिकाले उपभोक्ता अधिकार रक्षाका लागि गरिरहेको कामको बारेमा जानकारी गराएकी थिइन्। जिल्लाका सबै सरोकारवालाबीच उपभोक्ता अधिकारको विषयमा नियमित र गम्भीर छलफल हुनुपर्नेमा उनले जोड दिएकी छिन्।

## टायर पड्किदा ज्यान गयो

**विराटनगर, बैशाख १७।** मोरङ बिराटनगर-१३ स्थितमा टायर पड्कदा भारत समस्तिपुर घर भएका २५ बर्षीय मो. हैदरको मृत्यु भएको छ।

बिराटनगर-१३का जीतेन्द्र यादबको सटर भाँडामा लिई गाडीको टायरको पम्चर बनाई बस्दै आएका हैदरले पुरानो टायरमा हावा हालिरहेको अबस्थामा एक्कासी टायर पड्किँदा टायरभित्र रहेको फलामको रिङले टाउँको र शरीरमा चोट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय रानीले जनाएको छ।

मृतक हैदरको शवलाई कानूनी प्रकृयाको लागि कोशी अस्पताल बिराटनगर लगिएको र घटना सम्बन्धमा अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

## मकैबारीमा किशोरीलाई करणी

**मोरङ, बैशाख १७।** १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कानेपोखरी गाउँपालिका-३ बस्ने भोजपुर रामप्रसाद राई गाउँपालिका-६ घर भएका १४ वर्षीया आस्विन घिमिरेलाई प्रहरीले पक्राउ गरेको छ। घिमिरेले ती किशोरीलाई स्थानीय मकैबारीमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी रमाईलोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### गौरादहमा ...

गरेको थियो। नगरभित्रका अधिकांश पसलहरु दिउँसो १२ देखि ४ बजेसम्म सञ्चालन भएपनि केही बजारहरुमा स्थानीय परिवेश अनुसार पसलहरु खोलिँदा समय फरक-फरक हुन गएको हो।

नगरभित्रका वडा कार्यालयहरुले केही बजारका पसल तथा सागसब्जी पसललाई समेत फरक-फरक समयमा सञ्चालन गर्ने अनुमति दिएका छन्। गौरादह उद्योग बाणिज्य संघले नगरभित्र रहेका औषधि पसलहरुलाई रोक नलगाई अन्य पसल, तरकारी र फलफूल पसल गर्ने व्यापारीलाई १२ बजेदेखि ४ बजेसम्म सञ्चालन गर्न आह्वान गरेको गौरादह उद्योग बाणिज्य संघका अध्यक्ष जेबी कार्कीले जानकारी गराए।

नगरभित्र रहेका व्यवस्थित मासु पसलहरुलाई सञ्चालनको अनुमति दिएपनि खुल्ला रुपमा बिक्रीवितरण गर्दै आएका माछा-मासु पसलहरु भने बन्द गरिएको अध्यक्ष कार्कीले बताए। करिब ५३ हजार जनसंख्या रहेको गौरादह नगरपालिकाभित्र ठूला-साना गरी १३ वटा बजार रहेका छन्। नगरपालिकाभित्र रहेका बजारहरुमा वडा कार्यालयले तरकारी तथा फलफूल पसलहरुलाई बजार क्षेत्रमा मात्र सिमित नराखी फरक-फरक ठाउँमा राखी सामाजिक दुरी कायम गरी बिक्रीवितरण गराउँदै आएको छ।

गौरादह नगरपालिकाभित्रको सबैभन्दा ठूलो गौरादह बजार १२ बजेदेखि ४ बजेसम्म सञ्चालन भइरहेको छ। गौरादह बजारमा १२ बजेदेखि ४ बजेसम्म मात्र तरकारी तथा किराना पसलहरु खुल्ला रहन्छन्। नगरपालिकाभित्रको दोस्रो ठूलो बजार ग्वालडुब्बामा किराना पसलहरु बिहान ७ बजेदेखि १० बजेसम्म र तरकारी तथा फलफूल पसलहरु बेलुका ३ बजे देखि ५ बजेसम्म सञ्चालन हुने वडाध्यक्ष बलराम खरेलले बताए।

माछा-मासु पसलहरु पूर्णरुपमा बन्द गरिएको र तरकारी तथा फलफूल पसलहरुलाई बजार क्षेत्रमा सिमित नराखी बजार आसपासका क्षेत्रमा बिक्रीवितरण गरिँदै आएको वडाध्यक्ष खरेलले जानकारी गराए। नगरभित्र एउटैमात्र पशुहाट रहेको दामुना बजार तथा कोहवरा बजारका पसलहरु भने १२ बजेदेखि २ बजेसम्म खुल्ला रहने वडाध्यक्ष खडगप्रसाद पराजुलीले जानकारी गराए। स्थानीयस्तरमा उत्पादन भएको तरकारी तथा फलफूलहरु भने बजारका विभिन्न ठाउँमा राखी ४ बजेतिर बिक्रीवितरण गर्ने गरेको अध्यक्ष पराजुलीले बताए।

गौरादह नगरपालिका मात्र नभएर झापाको दक्षिणी क्षेत्रकै पुरानो जुरोपानी बजार पनि हाट लाग्ने दिन बेलुका ४ बजेदेखि लाग्ने गरेको छ। बजारमा भीडभाड नगरी सामाजिक दुरी कायम गरी बिक्री-वितरण गर्न व्यापारी तथा ग्राहकहरुमा अनुरोध गरिएको वडध्यक्ष भूमिराज पराजुलीले जानकारी गराए। दक्षिणी क्षेत्रको पुरानो बजार भएपनि बिकासमा फड्को मार्न नसकेको जुरोपानी बजारमा स्थानीयस्तरमा उत्पादन भएका तरकारी तथा फलफूल बिक्री-वितरण गरिने भएकाले व्यापारी तथा ग्राहकहरुले आफू सुरक्षित भएर खरिद बिक्री गरेको वडाध्यक्ष पराजुलीले बताए। वडा नं -९ बैगुन्धुराभित्रको एउटैमात्र बैगुन्धुरा बजारमा माछा-मासु पूर्णरुपमा बन्द भएपनि अति आवश्यक खाद्यान्न पसलहरु १२ बजेदेखि ४ बजेसम्म सञ्चालन भएको वडाध्यक्ष सीताराम भट्टराईले जानकारी गराए। नगरपालिकाभित्रकै स्कूलचौन, बालुबथानको शनिचरे बजार पनि १२ बजेदेखि ४ बजेसम्म सञ्चालन हुने गरेको छ।

### मनभरि ...

हुन्। उनी बिहान झिसमिसे देखिनै राति अवेरसम्म पनि फोनमा नै व्यस्त हुन्छन्। कहिले यो गाउँ त कहिले त्यो गाउँका मानिसको अवस्था के छ भन्दै बुझिरहेका हुन्छन्। कस्को घरमा के पाक्यो, कस्ले के खायो र गाउँमा को नयाँ मानिस आयो एक/एक विवरण थाह हुन्छ उनलाई।

उनलाई श्रीमती शिखाको पनि उत्तिकै साथ छ। सावधानीका उपाय अपनाउँदै गाउँवासीको हेरचाह गर्न श्रीमती शिखाको सँधै उत्प्रेरणा पाउने गरेका छन् अध्यक्ष लिङ्देनले। 'यो बेला नडराउने को नै पो होला र, डर त लाग्छ नै'- लिङ्देनकी श्रीमती शिखा भन्छिन्- जनताको प्रतिनिधि नै डराएर त भएन नि। म डराए भने श्रीमान् पनि डराउनु हुन्छ। भित्र मनमा चिसो भए पनि श्रीमानलाई भने सँधै हाँसेर पठाउँछु।

कोरोनाको त्रास चारैतिर फैलिएको छ। अझ झापामा पनि दुई जना संक्रमित नै फेला परेका छन्- शिखाले भनिन्- मेरा श्रीमान् आफैंमा सचेत हुनुहुन्छ, सावधानीका सबै उपाय उहाँले अपनाउनु भएको छ। बाहिर जाँदा पीपीई, सेनिटाइजर, ग्लोब्स, मास्क सबै युज गर्नुहुन्छ। तर, पनि मनमा कताकता डर चाहिँ लाग्दोरहेछ। नानीहरु सानै छन् शिखाले थपिन्- बाहिरबाट आएर सबै लुगा बाहिरै खोल्नुहुन्छ, आफूले प्रयोग गरेको सबै बस्तु चेन्ज गरेर मात्रै घरभित्र पस्नु हुन्छ, तर पनि मन मान्दैन कहिलेकाहिँ त सम्झाउछु पनि।

अहिले मेरो श्रीमान् मात्र होइन सबै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी सबै फिल्डमै छन्- शिखाले थपिन्- यो बेला सावधानी आफूले अपनाउने हो, आफूले सावधानी अपनाए रोग आफैं लाग्नैन। म मेरा श्रीमान मात्र होइन यो वेला फिल्डमा खटिने सबैलाई सावधानी अपनाउन मेरो आग्रह छ।

शिखा जनप्रतिनिधिका परिवारको प्रतिनिधि पात्र मात्रै हो। उनी जस्तैभित्र मनमा त्रास बोकेर पनि वाहिर मुस्कुराइरहने धेरैका परिवार छन्। झापा गाउँपालिका अध्यक्ष जयनारायण साहकी श्रीमती कुसुमकला साह भन्छिन् - कहिले काहिँ त श्रीमान्ले हामीलाई कोरोना सार्नु हुन्छ भैं लाग्छ। बिहान हिँडेको श्रीमान् साँझ ६/७ बजेमात्र घर फर्कदा मनमा अनेक कुरा खेल्छन्। हामी जनप्रतिनिधिका परिवार डराएर पनि त हुँदैन नि हिम्मत गरेर भए पनि अरुलाई सुरक्षित गर्नु हाम्रो दायित्व हुन्छ। दिनभरि घरमा वस्ता मनभरि पीर भए पनि वेलुका श्रीमान आएपछि सबै बिर्सन्छु। श्रीमान् मुस्कुराउँदै आउनुहुन्छ- कुसुमकलाले भनिन्- थकान भए पनि श्रीमान् घर फर्कदा मुस्कुराउँदै आएको देख्दा बेग्लै आनन्द आउँछ।

कोरोनाको हल्ला शुरु-शुरुमा फैलदै जाँदा आफूलाई पनि निक्कै डर लाग्यो कुसुमकलाले भनिन् - झापा गाउँपालिका नेपाल लकडाउन हुनुहुन्दा अगाडि नै लकडाउन भएर होला अहिले डर कम भएको छ। बन्दाबन्दी छ पहिला त श्रीमानलाई छिटो-छिटो घर आउन पनि भने। पछि सम्झिए जनप्रतिनिधि नै घरमा बसे भने नागरिकको के हालत होला भनेर अहिले त आफैं मनभरि डर बोकेर पनि मुस्कुराउँदै सबैरै पठाउँछु।

उता गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष दीपिन्द्र थापाको पनि घरको समस्या उही हो। उनी भन्छन् - शुरुमा त घरपरिवार निक्कै आत्तिए अहिले त्यस्तो छैन। उनीहरुले पनि बुझेपछि काम गर्न सहज भएको छ। हामीले आफ्नो कर्तव्य घर परिवारलाई बुझाउन पनि सक्नुपर्छ।

### मुसहर ...

स्थानीय ६० वर्षीया हिलो मुसहरको पीडा पनि सञ्जाको भन्दा कम छैन। आफ्ना ५ जना सन्तानका साथ निकै दुःख गरेर झुप्रो घरमा बस्दै आएकी हिलोका श्रीमान् १० वर्षअघि नै मृत्यु भएको थियो। श्रीमान्को मृत्युपछि स-साना केटाकेटी हुर्काउनु बढाउनु उनको काँधमा थियो। अहिले सरकारले घर बनाएर हस्तान्तरण गरेपछि उनको परिवार घामपानीबाट जोगिएको छ।

'श्रीमान् पहिल्यै बिते घर पनि झुप्रो थियो यस्तो घर बनाउन सकिन्छ भन्ने त कल्पना नै गरेको थिइन्-'अहिले सरकारले बिना पैसामा बनाइदियो कति खुशी लागेको छ भनेर साध्यै छैन।'

आफ्नो घर तयार नहुँदा निक्कै सास्ती व्यहोर्नु परेको ३७ वर्षीय वाङ्ठु मुसहरको भनाइ छ। धेरै हिउँद वर्षा फुसको र पानी चुहिने घरमै विताउँदै आएपनि अहिले पक्कीको घर पाएपछि यी सबै समस्याबाट मुक्त रहेको उनले बताए। उनी भन्छन् - 'हावाहुण्डरी आयो भने घर नै उडाएर लैजान्थ्यो, घरभित्र भएका सामान सबै भिज्थे, दैनिक ज्यालामजदुरी गरेर ल्याएको पैसाले थोरै अन्तपात किनेर राखिन्थ्यो तर, पानी आएपछि सबै भिज्थे, कति दिन त भोकै पनि बसेका थियौं। घर पाएपछि यो सबै संकट टरेको छ यो सरकार त हामी जस्ता दीनदुःखीका लागि त भगवान नै भएर प्रकट भयो।'

१ नम्बर प्रदेश सरकारले झापाको निर्वाचन क्षेत्र १को विभिन्न स्थानमा जनता आवास कार्यक्रम अन्तर्गत विपन्न परिवारलाई घर बनाइदिने बाचा गरेर निर्माण कार्य शुरु गरेको थियो। निर्माण कार्य शुरु भएको ६ महिनामा ती परिवारले भने जस्तै घर पाउँदा त्यहाँका दलित समुदायका सदस्यहरुले खुशी व्यक्त गरेका छन्। ६ महिनाअघिसम्म दुःख कष्टका साथ सानो र झुप्रो घरमा बडो दुःख कष्टका साथ जीवन गुजार्दै आएका मुसहर समुदायले ६ महिनापछि ५ फुट वरण्डा, दुइवटा कोठासहित जस्तापाताको छानो भएको घर प्राप्त गरेका छन्।

कार्यक्रम अन्तर्गत १ नम्बर प्रदेशभरि ५५ वटा र मेचीनगरको वडानम्बर ११ मा ५ वटा घर निर्माण गर्ने योजनासहित आवास कार्यक्रम शुरु गरिएको थियो। मेचीनगरका ३, ७, ९, ११, १३ र १५ नम्बर वडामा गरेर ३३ वटा घर निर्माण गरिएको छ।

एकघर बराबर झण्डै साढे तीनलाख रुपैयाँको लागत खर्च भएको छ। शुरुमा एउटा घरको लागत ३ लाख ३२ हजार ५ सय अनुमान गरिए पनि निर्माण कार्य सम्पन्न हुँदा साढे तीन लाखसम्म खर्च पुगेको शहरी विकास डिभिजन कार्यालय इलामका ओभरसियर प्रज्ज्वल साहले जानकारी दिए।

सबै वडामा ६० दिनभित्रमा निर्माण कार्य सम्पन्न गरिने लक्ष्यसहित काम थालनी गरिएको थियो। कार्यक्रम अन्तर्गत नगरपालिकामा ३३ वटा तथा गाउँपालिकामा ३० वटा यस्ता घर निर्माण योजना अघि सारिएको थियो। क्षेत्र नम्बर १ अन्तर्गत भद्रपुर नगरपालिकाको ९ र १० नम्बर वडामा ६ वटा बुद्धशान्ति गाउँपालिकाको ४, ६ र ७ नम्बर वडामा १६ वटा गरी कुल ५५ वटा घर निर्माण हुने तथा त्यस्ता घर निर्माणका लागि विवादरहित जग्गा उपलब्ध हुनुपर्ने उद्घाटनका क्रममा सांसद कार्कीले बताएका थिए।

'वेघरवारलाई घर घडेरी, बेराजगारलाई काम, अन्यायको विरोध गर्छौं नेकपा हो नाम' भन्दै अब हरेकले सुरक्षित रुपमा बास बस्न पाउनु उस्को नैसर्गिक अधिकार रहेको भन्दैं यही नारा साकार पार्न समेत तोकिएकै समयमा काम सम्पन्न भएको उनको भनाइ छ। मेचीनगर उपप्रमुख मीना पोखरेल उप्रेतीले सरकारको आफ्ना हरेक नागरिकलाई गास, वास र कपासको उचित व्यवस्था गर्नु मुख्य दायित्व भएकाले आफ्ना नागरिकलाई बस्ने घर निर्माणमा १ नम्बर प्रदेश सरकार जुटेको प्रतिक्रिया दिईन्। उनले स्थानीय सरकारको हैसियतले नगर क्षेत्रभित्र वेघरवार भएकालाई बस्ने उचित व्यवस्था नगरपालिकाले मिलाउने समेत जानकारी दिइन्।

सरकारको आफ्ना हरेक नागरिकलाई स्वास्थ्य शिक्षा र गास, वास र कपासको उचित व्यवस्था गर्नु मुख्य दायित्व हो। यो दायित्व पुरा गर्न समेत सरकार लागि परेको जनता आवास कार्यक्रमले समेत पुष्टि गर्दछ। सरकारले यस्ता रचनात्मक कामलाई अघि बढाएर सरकारप्रति विश्वास गर्ने आधारहरु अझै खडा गर्नुपर्ने र सरकार छ भन्ने अनुभूत गराउन सक्नुपर्छ।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जगाको क्षेत्रफल ११ कठ्ठा
सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

**बिर्तामोड खानेपानीको महशुल अब घरबाटै**

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आम उपभोक्ताको हितलाई ध्यान राख्दै २०७७ बैशाख १४ गते आइतवारदेखि अनलाइनबाट खानेपानीको महशुल भुक्तानी गरिने सेवा शुरु गरेको जानकारी गराउँदछौं।

अब खानेपानीका ग्राहकले फोन पे नेटवर्क, कनेक्ट आइपियस, क्यूआर कोर्ड पेमेन्ट, बालेट इन्ट्रीगेसन, ई-सेवा, खल्ती एप्स डाउनलोड गरी अनलाइनबाट खानेपानीको महशुल बुझाउन हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं।

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
बिर्तामोड, झापा



श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## निरंकुशताले भलो गर्दैन

विश्वका दुई सयभन्दा बढी देशहरू नोबल कोरोनाबिरूद्धको युद्धमा होमिएको बेला हाम्रो सरकार भने कुर्सी रक्षाको संघर्षमा छ । इतिहासमै सर्बाधिक शक्तिशाली रहेको नेकपाभित्रको आन्तरिक द्वन्द्वले कोरोना सरकारको प्राथमिकतामा नपर्ने हो कि चिन्ता थपिएको छ । अहिले देशमा झण्डै छ दर्जन कोरोना संक्रमित देखिएका छन् । थपिने क्रम बढ्दो रहेकाले एकातिर त्रास बढेको छ भने अर्कातिर बन्दाबन्दीका कारण दैनिकी नै कष्टकर बन्दै गएको छ । यसको नियन्त्रण र रोकथामका लागि गरिएका प्रयास र प्रयोग आफैं विवादित छ भने परीक्षण गर्ने किटको विश्वसनीयतामाथि समेत शंका छ । स्वास्थ्य सामग्रीहरुको गुणस्तर र खरिद प्रक्रियामा आशंका र अनियमितता भएको भन्दै कतिपय सत्तारुढ दलकै नेताहरुले आलोचना गरेको सन्दर्भले पनि सरकारको भूमिका स्पष्ट हुनसकेको छैन ।

कोरोना कहरको बीच सरकारले राजनीतिक दल र संवैधानिक परिषद् सम्बन्धी दुई अध्यादेश जारी गऱ्यो । यसलाई प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले अनुचित समयको, असान्दर्भिक भन्दै तत्काल फिर्ता गर्न दबाब दियो । ऊ लगायत विपक्षी दल मात्र होइन सत्तासीन दलकै प्रभावशाली नेताहरू समेत अध्यादेशको विपक्षमा उत्रिए । चौतर्फी आलोचना र दवावका कारण मन्त्रिपरिषद्को बैठकले उक्त आदेश फिर्ता लियो । सरकार मिडिया काउन्सिल, मानव अधिकार, गुठी विधेयक लगायतका निर्णयका कारण एकपछि अर्को विवादमा फस्दै गयो । परिणाम इतिहासकै शक्तिशाली तर कार्यान्वयनमा कमजोर सावित भयो ।

एमाले र माओवादीबीच भएको एकताले बनिएको नेकपा आज पनि अंकगणितमा बलियो छ । संसदमा दुईतिहाइ भएकाले सरकार नयाँ जनादेश नलिँदासम्म बिघटन हुने कल्पना पनि असान्दर्भिक हुन्छ । तर, यही समय नेकपाभित्रको विवाद सडकमा छताछुल्ल पोखिएको छ । प्रधानमन्त्री खड्गप्रसाद ओली स्वेच्छाचारी र सर्वसत्तावादी ढंगबाट चलेको भन्दै शीर्ष नेताहरु नै उनीबिरूद्ध बैठक, छलफल र भेला गर्न थालेपछि दलभित्र जोड–घटाउको खेल शुरु भएको छ । पार्टीको विधान अनुसार सचिवालय बैठक डाक्न आलटाल गर्दै आएका अध्यक्ष एवम् प्रधानमन्त्री ओली अन्ततः बैठकका लागि सहमत भए । नौ सदस्यीय सचिवालयमा ओलीको पक्षमा तीन जना छन् भने वर्तमान समीकरणमा स्थायी कमिटी, केन्द्रीय समिति र संसदमा समेत उनी अल्पमतमा छन् । अर्का अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेताहरू माधब नेपाल, झलनाथ खनाल र उपाध्यक्ष बामदेव गौतम सम्मिलित समूह अध्यक्ष र प्रधानमन्त्री मध्ये एक पद त्याग्न ओलीलाई एक पद त्याग्न दवाव दिइरहेका छन् । यो समय अल्पमत र बहुमतको जोड घटाउ गर्ने बेला होइन ।

प्रधानमन्त्रीले पनि सुशासनसहितको भ्रष्टाचारबिरूद्ध र वर्तमानको मूल समस्या केन्द्रित अग्रसरता देखाउनु पर्छ । निरंकुशताबिरूद्धको नाममा हजारौंको जीवन हरण गरेको सत्यलाई सत्तासीन दलले भुल्नु हुँदैन । आफूलाई घेराबन्दीमा पारेको भन्दै पटक–पटक भेटघाटमा रहेका प्रधानमन्त्रीले बरिष्ट नेता नेपाललाई पनि भावी अध्यक्षको प्रस्ताव गरेर गुट फुटाउने प्रस्ताव गरेका छन् । तर, तत्कालको आबश्यकता सत्ता होइन कोरोनाबाट मुक्ति हो । त्यसैले सरकार र सत्तारूढ दलको पहिलो प्राथमिकता त्यसबिरुद्ध युद्धमा केन्द्रित हुनुपर्दछ । यसका लागि कार्यकारी प्रमुखको हैसियतले प्रधानमन्त्री गम्भीर हुनुपर्छ । उनले आफ्नो दल मात्र होइन प्रतिपक्षीलाई समेत विश्वासमा लिने उदारता देखाउनुपर्छ । अनि मात्र नेपालीले सरकारप्रति भरोसा गर्न सक्छन् । यसका लागि सर्वसत्तावादी सोच त्याग्नै पर्छ ।

# लकडाउन र महिला हिंसा



देवका के.सी.

सरकारले यस्तो अवस्थामा हिंसापीडित महिलाहरूको उद्धारका लागि केही योजनाहरु तुरुन्त ल्याउनुपर्ने देखिन्छ । महिला हिंसाको विषयलाई सम्बोधन गर्न सबैपक्ष संवेदनशील हुन अति नै आवश्यक छ आज । महिलामाथि भइसकेका हिंसाका घटनाहरूलाई सम्बोधन गर्नु उत्तिकै जरूरी छ ।

आज विश्वव्यापी महामारीको रुपमा फैलिएर वितण्डा मच्चाइरहेको कोरोना भाईरस, जसले आम मानवलाई त्राहीमाम बनाएको छ । विश्वव्यापी रुपमै खैलाबैला मच्चाएको छ । साँच्चै भन्नु पर्दा मैले जीवनका कैयौं बसन्तहरू पार गरें तर यस्तो त्रासपूर्ण परिस्थितिको सामना पहिलोपटक गर्दैछु । थाहा छैन मलाई मात्रै यस्तो अनुभूति भएको छ कि अरुलाई पनि ? अरुबेला खोकी लाग्दा वास्तै हुन्थेन, यसो खोकी लाग्थ्यो २,४ दिनमा निको भैहाल्थ्यो, वास्ता हुन्थेन । तर अहिले लाग्ने रुघाखोकी भने विशेष छ । त्यसै शंकैशंकामा लंका पुगिएकै छ । बेलुका राम्रै सुत्यो विहान उठ्दा यसो अलि अप्ठेरो महसुस भयो कि वा मलाई त ...भनेर फेरि त्यतै त्रास । थाहा छैन यो त्रास कहिलेसम्म हो ? खै, अन्धकार छ अगाडि । आज विश्वमा यही कोरोनाकै कारण कैयौंले ज्यान गुमाई सके भने कैयौं संक्रमितहरू अस्पतालका बेडहरूमा छट्पटाई रहेका छन् ।

म मेरै घरभित्र लकडाउन भए तापनि सारा दुनियाँको ताजा खवर भने तुरुन्त-तुरुन्तै पाइरहेकी छु । धन्य छ इन्टरनेटको संसार, जसले संसारलाई खुम्च्याएर एउटा मोवाईलमा नै सिमित बनाई दिएको छ । हिजोआज म मेरो कामको प्रकृति अनुसार विहानै उठेर उपलब्ध भएका सबै अनलाईन न्युजहरू हेर्नपुग्छु, कारण यो लकडाउनको अवधिमा लैंगिक हिंसाको अवस्था कस्तो रह्यो, कस्तो रहँदैछ भनी विश्लेषण गरी ती घटनाहरूलाई दस्तावेजीकरण गर्ने र सम्बन्धित निकायहरूलाई जानकारी दिने । विडम्बना, यो समयमा यस्ता घटनाहरूप्रति कसैको चासो छैन । यस सम्बन्धी काम गर्ने संघ सस्थाहरू समसामयिक समस्याले गर्दा प्रभावकारी ढंगबाट काम गर्न सकेका छैनन् । प्रहरीहरू अन्यन्त्र व्यस्त भएको अवस्था छ भने महिला हिंसा भएको खण्डमा महिलाहरूले उजुरी गर्ने एकमात्र स्थान राष्ट्रिय महिला आयोगको हटलाइन सेवा पनि यो अवस्थामा निष्कृय नै छ । यही मौकामा महिला हिंसाका घटनाहरू भने अकल्पनीय तरिकाले बढेको बढ्यै छन् ।

म यसरी समाचारहरू पढ्दै जाँदा महिला हिंसा तथा लैंगिक हिंसाका अनेक थरी समाचार पाउँछु । हरेक दिन कुनै न कुनै समाचार पत्रपत्रिकाहरूमा आइरहेकै छन् । चीनमा यही कारणले अत्यधिक सम्बन्ध विच्छेदका घटनाहरू बढे रे । भण्डै ४० प्रतिशतका दरले भने महिला तथा बालिका माथि हिंसा तीन गुणाले बढेको छ भनेर विभिन्न पत्रपत्रिकामा पढ्न सकिन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने हरेक दिन महिला हिंसाका समाचारहरू जस्तै १३ वर्षे बालिका बलात्कृत भएको घटना, १९ वर्षीया युवतीद्वारा आत्महत्या, महिलालाई आगो लगाई हत्या गर्ने प्रयास, युवती घरभित्र मृत अवस्थामा फेला परिन् जस्ता अनेक घटनाहरू नआएको त दिनै छैन । भनिन्छ मान्छेको सबैभन्दा सुरक्षित स्थान घर हो । तर, सबैभन्दा बढी महिला हिंसा हुने स्थान पनि त्यही घर नै हो ।

अहिले लकडाउनले गर्दा स्कूल, कलेजहरू बन्द छन् । सम्पूर्ण कार्यालयहरू बन्द भएका छन् । सबैजना घरमै बस्ने, घरको सबै काम महिलाले नै सम्हाल्नु पर्ने, विहानै उठेर परिवारको लागि नास्ता, खाना, खाजा, बेलुकाको खाना बनाउने काम महिलाले मात्रै गरेको देखिन्छ । हुन सक्छ यसमा कहिँकतै पुरुषको पनि सहभागिता त होला तर एकदमै न्यून, किनकि यो पितृसत्तात्मक सोच र मानसिकता भएको समाजमा पुरुषले घरभित्र वा भान्साको काम गर्न हुँदैन रे । सबै पुरुषले म म गरौं र आफूलाई समयसँगै परिवर्तन गर्न सिकौं । किनकि लैंगिक समानता कायम गर्न तपाईंको ठूलो भूमिका छ । परिवर्तन आफूबाट शुरु गरौं ।

यो अवस्थामा महिलाहरूको स्थिति कस्तो होला हामी आफैं कल्पना गरौं । छोराछोरीलाई भोक लागे आमालाई, श्रीमान्, परिवारलाई भोक लाग्यो भनेर सुनाउने तिनै महिलालाई, भान्सामा के छ, के छैन के पकाउने भन्ने तनाव उनै महिलालाई, रासन पानी सकियो चिन्ता उनैलाई । रातदिन घरभित्र बस्दा - बस्दा सबै मानिसहरू एक प्रकारको विक्षिप्त भएको अवस्था छ अहिले । बच्चाहरू बाहिर खेल्न जान नपाएको पीडा, पुरुषहरू दिनभरि घरभित्र कोचिएर बस्नुको पीडा । यी सबै कुराहरू सम्हाल्नु पर्ने जिम्मा फेरि महिलाको काँधमा । यी सबै समस्याको समाधान गर्ने फेरि उनै महिला । यसो गुनासो गर्यो बोल्यो भने फेरि घरमा कलह । अब हामी सोचौं यो परिस्थितिमा उनको अवस्था ? त्यसै भनेका रहेनछन् हाम्रा पुर्खाहरूले महिलालाई 'धर्ती' भनेर । अनेक सहनुपर्ने । अनेक बेहोर्नुपर्ने महिलाले ।



यो त एउटा पाटो भयो, यो भन्दा झन् दर्दनाक छ अर्को पाटो । दैनिक ज्यालामजदुरी गरेर साँझ विहानको छाक टार्ने परिवारको अवस्था के भएको होला अहिले सोचौं त । मैले नजिकबाट नियालेको एउटा त्यस्तो परिवार जसले दैनिक रुपमा कमाएर खाने गरेको, कुनै घरको छिँडीमा उसको वास, बच्चाहरू रोएको, कराएको सुनिन्छ । सायद खान नपाएर होलाजस्तो लाग्छ । श्रीमान् श्रीमतीको समय समयमा झगडा भइरहेको सुनिन्छ । अस्ति बेलुका त झन् रुवाबासी नै चलेको सुनियो । थाहा छ यो सबै गरिवीकै कारण हो, यो लकडाउनकै कारण हो । थाहा छैन यसरी नै लकडाउन बढ्दै गयो भने ती महिलाको अवस्था के हुने हो, ती बच्चाबच्चीहरू, त्यो परिवारको अवस्था ! फेरि भन्न मन लाग्छ भगवान भरोसा ।

गरिवी, अशिक्षा र पछौटेपनका कारण सामान्य अवस्थामा पनि नेपालमा महिला हिंसाका घटनाहरू अत्यधिक छन्, त्यसमा पनि घरेलु हिंसा । गएको वर्षको नेपाल प्रहरीको तथ्यांकलाई हेर्ने हो भने महिलाविरुद्ध हुने हिंसाको ७८.८४ प्रतिशत घरेलु हिंसा भएको देखिन्छ । घरेलु हिंसापछि नेपाली महिलामाथि बलात्कार तथा बलात्कारपछि हत्या पनि त्यत्तिकै भएको छ । नेपाल प्रहरीकै गत वर्षको तथ्यांकले १७.१७ प्रतिशत बलात्कार, बलात्कार प्रयास तथा यौन हिंसाको घटनाहरू भएको देखाएको छ । यो वर्ष कोरोनाकै कारण यो तथ्यांक बढ्ने खतरा छ ।

अहिलेको यो विकराल समयमा महिला हिंसाका घटनाहरू विश्वव्यापी रुपमा अत्यधिक बढेका छन् । फ्रान्समा गत हप्ताको तथ्यांक अनुसार ३२ प्रतिशत घरेलु हिंसाका घटना बढे भए भने पेरिसमा मात्र ३६ प्रतिशतले बृद्धि भयो रे । त्यस्तै इटली, स्पेन, अमेरिका, बेलायत लगायत कोरोना प्रभावित सबै देशहरूमा घरेलु हिंसाका घटनाहरू अत्यधिक बढिरहेका छन्, यस मामिलामा नेपाल पनि अछुतो नरहला । यस्ता घटनाहरूलाई सम्बोधन गर्न युरोपेली देशहरू विशेष गरी फ्रान्स, जर्मनी, स्पेन, इटाली, बेलायत ब्राजिलले एकदमै राम्रा सकारात्मक कृयाकलापहरू गरेको देखिन्छ । जस्तै फ्रान्सले घरेलु हिंसा पीडितहरू होटलमा बसे उक्त होटलको बिल सरकारले तिर्ने व्यबस्था गर्यो । जर्मनीले घरेलु हिंसा पीडितहरू बस्नका लागि होटल खाली गरेको छ भने गेष्ट हाउसहरूलाई सेफ हाउसमा परिणत गरेका छ ।

यो विषयमा नेपालमा भने सरकारको ध्यान नगएको अवस्था छ अहिले । यस्तो अवस्थामा सरकार झन् संवेदनशील भएर सोच्नु पर्नेमा झन् भएको सेवा पनि निष्कृय पारिएको छ । एउटी जान्ने बुझ्ने महिलामाथि हिंसा भए पनि कहाँ कुन निकायमा जाने भन्ने अत्यौल छ ।

सरकारले यस्तो अवस्थामा हिंसापीडित महिलाहरूको उद्धारका लागि केही योजनाहरू तुरुन्त ल्याउनु पर्ने देखिन्छ । महिला हिंसाको विषयलाई सम्बोधन गर्न सबैपक्ष संवेदनशील हुन अति नै आवश्यक छ आज । महिलामाथि भइसकेका हिंसाका घटनाहरूलाई सम्बोधन गर्नु उत्तिकै जरुरी छ । किनकि यो समस्या महिलाको मात्र समस्या होइन । यो समग्र देशको समस्या हो, महिला पुरुष दुबैको समस्या हो । यस विषयमा संवेदनशील होऔं, संवेदनशील भएर सोचौं । *(महिला खबर)*

# अमेरिकामा १० लाखभन्दा बढी संक्रमित

**बर्लिन, बैशाख १७।** विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट संयुक्तराज्य अमेरिकामा संक्रमित हुने व्यक्तिको संख्या १० लाख नाघेको छ । कोरोनाभाइरसबाट निकै प्रभावित युरोपेली मुलुकहरुमा भने लकडाउन विस्तारै खुकुलो बनाउने तयारी हुन थालेका छन् ।

जर्मनीले बुधबारदेखि सामान किन्न पसल जाने हरेक व्यक्तिलाई मास्क लगाउन अनिवार्य गरिएको छ । कोरोना महामारी पुनः शुरु हुने खतराकै बीच आर्थिक क्षति कम गर्न पनि लकडाउनलाई केही खुकुलो बनाउन लागिएको हो ।

यही कोरोना संकटले अमेरिकामा लाखौं मानिसलाई बेरोजगार बनाएको छ । यहाँ कोभिड-१९ का बिरामीको संख्या विश्वमै सबैभन्दा बढी छ । एएफपीको गणना अनुसार, विश्वभर करिब २ लाख १८ हजारभन्दा बढीको मृत्यु भइसक्दा त्यसको करिब एक तिहाईको मृत्यु अमेरिकामा मात्र भएको छ ।

शताब्दीमै सर्वाधिक खराब आर्थिक मन्दीको पूर्वानुमान गरिएसँगै सामानको मागमा व्यापक कमी आएको तथा यात्रा र पर्यटन क्षेत्रमा नराम्रो असर परेको छ । ब्रिटिस एयरवेजले खतराको घण्टी बजाइसकेको छ । कम्पनीले आफ्ना कर्मचारी एक तिहाईले कटौती गर्ने जनाएको छ ।

लेबनानमा ठूलै आर्थिक संकटको अवस्था सिर्जना भइसकेको छ । राष्ट्रव्यापी लकडाउनको बेवास्ता गर्दै मानिसहरु सडकमा प्रदर्शनमा उत्रिएका छन् ।

फ्रान्सेली प्रधानमन्त्री एडुआर्ड फिलिपले दैनिक आर्थिक गतिविधि निकै जोखिमपूर्ण रहे पनि आम सर्वसाधारणका लागि यो बाध्यात्मक भइसकेको बताएका छन् । फ्रान्समा अर्को महिनादेखि पसलहरु, बजार र केही विद्यालयहरु खुला गर्ने योजना अघि सारिएको छ । अरु केही महिनासम्म सार्वजनिक यातायात र भेटघाटका क्रममा मास्क अनिवार्य गरिएको छ ।

इटाली, स्पेन र फ्रानसमा कोरोनाभाइरसबाट सर्वाधिक प्रभाव परेको छ । यी हरेक मुलुकमा २३ हजारभन्दा बढीको मृत्यु भएको छ ।

स्पेनले अर्को दुई महिनाभित्र प्रतिबन्धहरु बिस्तारै खुकुलो बनाउने जनाएको छ । इटालीमा अर्को साताबाट मानिसहरुलाई घरबाहिर गएर व्यक्तिगत अभ्यास गर्न तथा नातेदारसँग भेटघाट गर्न फुकुवा गरिने छ । तर अंकमाल गर्न र हात मिलाउन निषेध गरिएको छ ।

रसियादेखि नाइजेरियासम्मका मुलुकले लकडाउनलाई खुकुलो बनाउने योजना अघि सारेका छन् । विज्ञहरुले प्रतिबन्धहरु चाँडै खुकुलो बनाउँदा भाइरस संक्रमणको दर बढ्ने चेतावनी दिइरहेका भए पनि लकडाउन खुकुलो बनाउने योजना अघि बढेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोनाभाइरसको प्रसार रोक्न नसकेको भन्दै चीनमाथि लगातार आरोप लगाइरहेका छन् । तर बेइजिङले अमेरिकी आरोपको खण्डन गरिरहेको छ ।

दक्षिण अमेरिका, ब्राजिलमा सर्वाधिक असर परेको छ । यहाँ ५ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । पेरुको जेलमा भड्किएको हिंसामा नौ जना कैदीको ज्यान गएको छ ।

## अमेरिकामा १५ नेपालीको मृत्यु

**अमेरिका, बैशाख १७।** अमेरिकामा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणबाट मङ्गलबार एक नेपालीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा अमेरिकाको भर्जिनिया राज्यमा बस्दै आएका महेश पन्थी रहेका छन् । बिरामी भएर गत चैत २६ (अप्रिल ८ तारिख) गते उनी अस्पतालमा भर्ना भएका थिए । उनीसमेत गरी अमेरिकामा मृत्यु हुने नेपालीको संख्या १५ पुगेको छ । तीमध्ये न्यूयोर्कमा १२, कोलोराडोमा दुई र भर्जिनियामा एक जना रहेका छन् ।

मेरिल्याण्ड राज्यका विधायक ह्यारी भण्डारीले दिएको जानकारीअनुसार १५ जनामध्ये सबैलाई कोरोना सङ्क्रमित भनेर पुष्टि गर्ने मजबुत आधार त छैन, तर कोरोना सङ्क्रमणका कारण मनोवैज्ञानिक त्रासले केही नेपालीको हृदयघातका कारणले पनि मृत्यु भएको देखिन्छ । उनी भन्छन्- अरु रोग लागेका व्यक्तिमा कोरोनाको सङ्क्रमणले छिटो आक्रमण गर्ने र मानिसको रोगप्रतिरोधी क्षमता कमजोर गराई मृत्यु नजिक पुऱ्याउने गरेको देखिन्छ ।

यसैबीच एक महिना अगाडि मृत्यु भएका विष्णुकुमार राईको शवलाई मङ्गलबार अन्तिम संस्कार गर्न सफल भएको भण्डारीले जानकारी दिए ।

## भारतमा मृतकको संख्या १००७

**नयाँदिल्ली, बैशाख १७।** भारतमा कोरोनाभाइरसबाट ३१ हजार ३ सय ३२ जना संक्रमित भइसकेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाएको छ ।

पछिल्लोपटक कोरोना संक्रमित ७३ जनाको मृत्यु भएको छ । यो सहित भारतमा कोरोना संक्रमितमध्ये एक हजार ७ जनाको मृत्यु भएको छ । भारतमा देखिएका कोरोना पीडितमध्ये ७ हजार ६ सय ९५ जना निको भएर घर फर्किएका छन् भने हाल २२ हजार ६ सय २९ जना उपचारका क्रममा छन् । मन्त्रालयका अनुसार भारतको महाराष्ट्र राज्यमा कोभिड-१९ बाट सर्वाधिक ९ हजार ३ सय १८ जना संक्रमित भएका छन् जसमध्ये १ हजार ३ सय ८८ जना निको भएका छन् । महाराष्ट्रमा मात्र चार सय जनाको मृत्यु भएको छ ।

दोस्रो बढी संक्रमित भेटिएको गुजरातमा तीन हजार ७ सय ४४ जनामा संक्रमण देखिएको छ । यहाँ एक सय ८१ जनाको मृत्यु भएको छ । दिल्लीमा भने तीन हजार ३ सय १४ जना संक्रमित भएकामा ५४ जनाको मृत्यु भएको छ । मध्य प्रदेशमा दुई हजार ३ सय ८७ जना, गोवामा ७ जना, अरुणाचलमा १ जना, मणिपुरमा २ जना, त्रिपुरामा २ जनामा कोरोना संक्रमण देखिएको छ ।

# लकडाउन कार्यान्वयनमा प्रहरीको सक्रियता बढ्यो

**झापा, बैशाख १७।** विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण रोक्न नेपाल प्रहरीले मुलुकभर थप सक्रियता बढाएको छ । सरकारले जारी गरेको लकडाउनलाई पूर्ण कार्यान्वयनका लागि प्रहरीले गाउँगाउँसम्म सक्रियता बढाएको हो । गृहको निर्देशनअनुसार पछिल्लो समयमा प्रहरीले लकडाउनलाई थप कडाइसमेत गरेको छ ।

प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले लकडाउनका बेला व्यक्तिलाई घरबाट बाहिर निस्कन नदिन र पासबिनाका सवारी आवागमनमा रोक लगाउन मातहतका प्रहरीलाई आवश्यक निर्देशन दिएको बताए । कालोबजारी नियन्त्रण गर्ने, लकडाउन पालना गराउने तथा अनुगमन गर्ने एवम् उल्लङ्घन गर्नेलाई नियन्त्रणमा लिने काममा समेत प्रहरी सक्रिय रहेको प्रहरी महानिरीक्षक ज्ञवालीको भनाइ छ ।

प्रहरीले करिब ३५ हजार पटक माइकिङ गरेर सचेतनामूलक कार्यक्रम गरेको जानकारी दिँदै उनले अपराध अनुसन्धान, अपराध नियन्त्रण तथा शान्ति सुरक्षाका साथै विपद् र विषम् परिस्थितिबाट सिर्जित घटना रोक्न योजनाबद्धरूपले काम अघि बढाइएको बताए ।

लकडाउनको कार्यान्वयन अनुगमनका लागि आधुनिक प्रविधि (ड्रोन) को समेत प्रयोग गरी प्रहरीले गतिविधिको निगरानी गरिरहेको छ । पहिलोपटक घरबाट बाहिर निस्केका व्यक्तिलाई लकडाउनको जानकारी गराएर जहाँबाट आएको हो त्यहीँ फिर्ता पठाउने र पुनः दोहोऱ्याएर आएमा आवश्यक कारवाही गर्ने गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरी महानिरीक्षक ज्ञवाली भन्छन्- लकडाउन आदेशलाई अन्य निकायसँग समन्वय गरी नेपाल प्रहरीले पूर्णरूपमा समन्वयात्मक भूमिका र कार्यान्वयन गरिरहेको छ । कोरोनाको सङ्क्रमणलाई रोक्न सामाजिक दूरी कायम गर्नु महत्वपूर्ण हुन्छ । लकडाउन कार्यान्वयनमा खटिने प्रहरीसमेत उच्च जोखिममा छ । यस अवस्थामा सुरक्षित हुनका लागि मास्क, स्यानिटाइजरको प्रयोग गर्न सकिन्छ । आवश्यक औषधि उपचारका लागि नेपाल प्रहरी अस्पतालले विशेष व्यवस्था गरेको समेत प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

अस्पतालका मेडिकल डाइरेक्टर प्रहरी अतिरिक्त महानिरीक्षक डा. आशा सिंहले प्रहरीका लागि नेपाल प्रहरी अस्पतालमा आइसोलेसन वार्डको व्यवस्था गरेका बताइन् । लकडाउनको अवस्थामा अधिकतम जनशक्ति खटाउने उद्देश्यअनुरुप विभिन्न प्रशिक्षणमा रहेका प्रहरी जनशक्तिलाई जुनसुकै अवस्थामा पनि आवश्यक स्थानमा खटाउन सकिने गरी तयारी अवस्थामा राखिएको छ ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक तारिणीप्रसाद लम्सालले हाल तालिम स्थगन गरी प्रहरी कर्मचारीलाई लकडाउनको कार्यान्वयनका लागि खटाइएको जानकारी दिए । सम्भावित अवाञ्छित गतिविधिबारे चनाखो हुँदै स्वास्थ्यकर्मी, अस्पताल, भीडभाड व्यवस्थापनमा प्रहरीले सक्रियता बढाएको जनाइएको छ ।

# अलबिदा यादव !



रश्मिशेखर सुवेदी

जीवन बुझ्नु भनेको कठिन रहेछ विषय । ज्ञानहरुको माझमा एउटा भीड मात्र हो जान्ने इच्छा मान्छेको । भोगाई र उमेर अनुरुप बुझाइ र दृष्टिकोण आ-आफ्नै हुँदारहेछन् सबैमा । त्यसैले ज्ञानको पूर्णता सधैं अपूर्ण हो भन्छन् ज्ञानीहरु पनि ।

यो बेला म “लुँडो” को त्यो गोटी भएको छु जो “होम” पुग्नै लाग्दा निलेर सर्पले फेरि पुच्छरमै पुऱ्याएको छ ! बुझ्नुका थुप्रै प्रयत्नहरुबाट चिप्लिएर “फेल” भएको बिद्यार्थीको निराशा जस्तो भएको छु । अनि, जित्दा-जित्दै हारेको खेलाडीको मनोदशाले घेरिएको छु ।

लाग्छ - सार्है मिश्रित अर्थात “कम्प्लिकेटेड” भ्रमहरुको भुमरीमा घुमिरहेको “त्रिसँकु” हुँ । यसलाई वरिपरिको मनोबिज्ञानले बढी नै “सेन्टिमेन्ट” को अर्थ लगाउला सायद ! सोचिरहेछु म आफैं पनि ।

भरखरै पिताजीको देह रुपान्तरणको आकस्मिक घटनाले जीवनको शास्वततादेखि पनि जिल्लिएको म, सँगसँगै जस्तो मृत्युवरण गर्न पुग्नु भएका पिताजीका फुपूका ३ छोराहरू को बारेमा पनि सोचिरहेको हुँदो हुँ । लगत्तै उता पहाडमा काकीहजुरआमा र काठमाडौंमा अर्का काकाको मृत्यु शोकको विषय पनि उत्तिकै ताजा हुँदो हो । बैश्विक महामारी त हरपलको सरोकार नै हो । तर, कल्पना नै नगरेको एउटा मृत्युले सार्है नजिकबाट स्पर्श गरेर गयो लकडाउन मै मलाई यो पटक ।

भाइ यादव रिमाल । नाताले उ फुपूको नाति हो र म मामाको नाति । नाताभन्दा पनि धेरै नजिक थियो हाम्रो मित्रता । २०३२ सालदेखि सँगै थियौं । हामी इलामदेखि र उनीहरु आसामदेखि बसाइँ सरेर झापाको तत्कालीन शनिश्चरे -९ हालको अर्जुनधारा-९ मा स्थायी बासिन्दा बनेका हौं । त्यति बेला म ८ बर्ष र ऊ ७ बर्षको थियो । कलिला हामी सँगसँगै खेल्थ्यौं, रमाउँथ्यौं, पढ्थ्यौं । र, कुनैदिन वयस्क पनि भयौं सँगसँगै ।

झापा शनिश्चरेको गोल्धाप भन्ने यो ठाउँलाई आध्यात्मिक चिन्तनको थलो बनाउनु भो हाम्रा बाहरुले । हामी त्यही सनातन मार्गका उत्तराधिकारी भयौं र आफ्नो संस्कार र संस्कृतिको पक्षपाती बन्यौं । उसका पिता स्व.प.तोयानाथ रिमालले परिकल्पना गर्नुभएको यो आध्यात्मिक गाउँ आज पनि सनातन मार्गमा हिँडिरहेकै छ । गाउँका धेरै जना बाहरुले छोडिसक्नु भएको छ यो थलो । यद्यपि उहाँहरुकै पदचिन्ह छन् यत्रतत्र यहाँ ।

हाम्रा पिताजीले २४ माघ २०७६ साँझ ८:३० मा देह त्याग गर्नु भो । मैले पहिलो सूचना यादवलाई दिएथें - “बा रहनु भएन अब” । तोयानाथ बा भोलिपल्ट पिताजीको पार्थिव शरीरको छेउमा बसेर असैह रुनु भएको दृश्यले रुवाएथ्यो धेरैलाई । हाम्रा बाहरुले एक सयभन्दा माथि श्रीमद्भागवत कथा प्रवचनसँगै गर्नु भएको थियो । बाको अन्त्येष्ठी गरिएको रात मात्र तोयानाथ बा यो धर्तीमा रहनु भयो । बिहान यादवको फोन आयो -“बा हुनुहुन्न अब” । सपना जस्तो भयो । मैले दिएको सूचनाको “इको” बनेर आइरहेथ्यो अर्को मृत्युको खबर । बाहरुको सम्बन्ध जीवनमा जसरी थियो नि मृत्युमा पनि उस्तै देखियो अचम्म !

पिताजीको देहान्त भएको ७५ औं दिनमा यादव पनि गयो नफर्किने बाटो । कस्तो बिचित्र ! बिश्वास नै नलाग्ने । बैश्वीक देशानले सस्तिएको मृत्युको छेउबाटै गयो महँगा-महँगा यादहरु छोडेर यादवले पनि फेरि ।

यसो भनिरहँदा मलाई आफ्नै बिश्वासले गिज्याइरहे झैं लाग्छ । मनका कुरा बाढ्ने, सुख दुःख साट्ने भर-अभरको एउटा साथी त हुँदो हो नि मेरो ऊ जस्तै सबैको । आडिलो, भरपर्दो र बिश्वासिलो साथी थियो ऊ । अप्ठ्यारो पर्दा साथ दिने । बोलेको पुऱ्याउने । ऐनमौकामा उचित सल्लाह र परामर्श दिन सक्ने । सामाजिक कार्यमा रुची भएको थियो ऊ । नजिकको एउटा प्यारो मान्छे आँखाबाट गुमाउनुको पीडा साक्षात्कार गरिरहेछु म ।

मृत्युको ठीक तिन दिनअघि यादव र मसँगै थियौं हाम्रै घरमा । पहिलोपल्ट उसलाई हृदयघातको लक्षण त्यहीँ देखिएको हो । करिब १० मिनेटको निरन्तर प्रयास पछि बुहारी हिमाले सकुशल घर फर्काउन सफल भएकी थिइन् उसलाई मुटुमा पम्प गरेर । त्यसपछि डाक्टरको सल्लाहमा घरमै आराम गरिरहेको थियो ऊ ।

“मेरो मुटु ठीक छ” भन्थ्यो सोध्यो भने । पाँच बर्ष जति भयो होला उसलाई मुटु सम्बन्धी समस्या देखापरेको । पहिलोपल्ट गङ्गालाल हृदयरोग केन्द्रमा परामर्श र उपचारकालागि जाँदा त्यहीँ थिए म पनि । चेकअप पश्चात् नियमित औषधि सेवन गर्ने र परहेजमा रहने गर्थ्यो ऊ ।



पिताजीको देहान्त भएको ७५ औं दिनमा यादव पनि गयो नफर्किने बाटो । कस्तो बिचित्र ! बिश्वास नै नलाग्ने । बैश्वीक देशानले सस्तिएको मृत्युको छेउबाटै गयो महँगा-महँगा यादहरू छोडेर यादवले पनि फेरि ।

साह्रै धेरै आत्मबल बोकेर हिँड्थ्यो । त्यसैले पनि कहिल्यै बिरामी सम्झेन आफूलाई । सधैं ब्यस्त रहन रुचाउँथ्यो र त्यसैमा रमाउने आदत बसाइसकेको थियो । दस बर्षअघि नै माता दमयन्ताको आकस्मिक निधन भएपछि पिताजीले घर व्यबहारको जिम्मा लगाउनु भएथ्यो उसैलाई । कुशलतापूर्वक बहन पनि गर्यो त्यो जिम्मेवारी र सधैंको ब्यस्त मान्छे बनायो आफूलाई ।

सधैं व्यबहारका नयाँ-नयाँ योजना बुन्ने र कार्यन्वयन पनि गरिरहने उसको सकृयता छक्क लाग्दो थियो । उसलाई जागीर खाने फुर्सद नै भएन । हामी त रिटायरमेन्टको बारेमा पनि सोच्थ्यौं तर उसले कृयाशिलतामै टुङ्ग्यायो जिन्दगी । दूरदर्शी पनि थियो उसको सोच भरे, भोलि र आगामी दिनका उसका तयारी अनि व्यबस्थापन हिजै तय भइसकेका हुन्थे । साह्रै हतारे मान्छे कामको लागि । सायद यति छिट्टै जानु थियो उसलाई ।

२०७७ साल बैसाख ११गते राति ९ बजे भाइ बसन्तको फोन आयो काठमाडौंबाट भरखरै अस्पताल लगिएको । त्यसपछि लकडाउन मै दौडिए म बिर्तामोडतिर । बिर्तासिटी हस्पिटल पुऱ्याइएको उसको सुस्वास्थ्यको खबर सुन्ने एउटै मात्र इच्छा थियो सबैको बाहिर । तर, केही क्षण मै यो हृदयलाई चिरा पार्दै सबैभन्दा अप्रिय लाग्ने खबर लिएर आयो एउटा हावाको झोंका र गयो । यादवले सदाका लागि छोडिसकेको थियो यो दुनियाँ । त्यहाँ छोडिएका थिए उसका सपना र हामी मात्र ।

त्यो बेला मभित्र ज्वालामुखी फुटिरह्यो । आँशु बनेर निस्किए लाभाहरु । यसअघि मैले देखे सुनेको भन्दा धेरै भिन्न थिए यी श्रब्य-दृश्य ।

अनि, सम्झैँ पहिलो हृदयघातको भोलिपल्ट म रिमाल निवास बिर्तामोड पुग्दा ऊ आफू स्वस्थ छु भन्ने दृढ बिश्वासमा थियो । हरतरहले आफ्नो स्वास्थ्यको सबलता पुस्टि गरिरहेथ्यो । अरुलाई तनाव होला भन्ने सतर्कता पनि हुन सक्थ्यो । बडो खपालु स्वभाव हो पहिला पनि । हत्तपत्त ऐया नदेखाउने । भन्थ्यो किन अत्याउनु अरुलाई । यसरी शरीर कमजोर भएको अवस्थामा आत्माबिश्वासले मात्र थेग्नु कति ? मृत्यु हुनु पूर्व मेसेञ्जरमा हाम्रा खबर आदनप्रदान भइरहेथे दिउँसो । सङ्गीत मन पराउँथ्यो खुब । मैले सुझाएथे गीत र जोक सुन्न । हाँस्न र हँसाउन । अनि, तनाव नलिन । तर, काम लागेनन् कुनै । वास्तव मै समयले एउटा क्रुर ठट्टा गर्यो हामीसँग ।

बुहारी हीमा, छोरीहरु सुम्निमा, सुवेक्षा, छोरो सुवर्ण, भाइ वसन्त, बुहारी पूजा, भतिजो आयुश अनि दिदीहरु टीका, मेनुका र योगकुमारी लगायत आफन्त, कुलकुटुम्ब र मित्रगण सम्पूर्णलाई स्तब्ध बनाएको छ यो मृत्युले ।

बिश्वास नै लाग्न नसकेको दृश्य बारम्बार दोहोरिइरहन्छ मस्तिष्कमा । असमयमा स्थगन भएको छ एउटा ऊर्जा चल्दाचल्दै हावामा । पूर्वस्मृतिहरुको ओइरोले घेरिएको छु म । ऊ गएको बाटो त्यो नफर्किने बाटो हेरिरहेछन् आँखाले । अलबिदा यादव ! हार्दिक श्रद्धाञ्जलि !!

rs_pureveda@yahoo.com

## रहेनन् अभिनेता इरफान खान



बलिउड अभिनेता इरफान खानको ५४ वर्षको उमेरमा बुधवार निधन भएको छ । खानको मुम्बईको कोकिला वेन धिरूभाइ अम्बानी अस्पतालमा निधन भएको हो । उनी दुई वर्षदेखि क्यान्सरको उपचार गरिरहेका थिए । खानलाई न्युरोएन्डोक्राइन ट्युमर भएको थियो ।

उनको निधनको समाचार निर्देशक सुजित सरकारले ट्वीटबाट दिएका हुन् । जयपुर राजस्थानमा सन् १९६६ मा जन्मिएका खान थिएटरबाट सिनेमाबाट आएका थिए । उनको अन्तिम सिनेमा सात महिनाअघि रिलिज भएको अंग्रेजी मिडियम हो ।गत शनिबार उनकी आमाको निधन भएको थियो । खानले सलाम बम्बे, मक्बुल, पानसिंङ तोमार, द लञ्च बक्स, पिकु, तलबार, हिन्दी मिडियमजस्ता चर्चित सिनेमामा अभिनय गरेका थिए ।

बलिउडमात्र होइन खानले स्लमडग मिलिनियर्स, जुरासिक वर्ल्ड, द अमेजिङ स्पाइडर म्यान र लाइफ अफ पाईजस्ता अन्तर्राष्ट्रिय ब्लकबस्टर सिनेमामा काम गरेका थिए ।

## लागूऔषधसहित मोदी पक्राउ

**मोरङ, बैशाख १७।** मोरङको बिराटनगर महानगरपालिका-१६ दरैयाबाट लागूऔषध सहित एकजना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट सादा पोशाकमा खटिएको प्रहरीको टोलीले बिराटनगर महानगरपालिका-५ का ३४ बर्षीय दिलबन्धुप्रसाद मोदीलाई १०० एमएलको डाईलक्स डिसी १५ बोतल, नाईट्भेट ट्याब्लेट ३० चक्की र स्पास्मोप्रोक्सिवन २४ चक्कीसहित पक्राउ गरेको हो । पक्राउ परेका मोदीको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## ३८ जना आइसोलेसनमा

**विराटनगर, बैशाख १७।** प्रदेश नं १ मा मंगलबारसम्म पाँच हजार ९ सय जनाको कोभिड-१९ को परीक्षण भएको छ भने स्वास्थ्यकर्मीको निगरानीमा ३८ आइसोलेसनमा रहेका छन् ।

पीसीआर विधिबाट एक हजार १९ र आरडीटी विधिबाट चार हजार ८ सय ८१ जनाको परीक्षण भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना कक्षले जनाएको छ । प्रदेश सरकारले निर्माण गरेका क्वारेन्टाइनमा ४ सय ४५ महिला दुई हजार १ सय ४० छन् भने १७ जना घर फर्केका छन् ।

## नेपालमै कोरोनाको औषधि बनाइएको दावी

**झापा, बैशाख १७।** कोरोना महामारीले विश्व नै त्राहिमाम भइरहेका बेला त्रिभुवन विश्वविद्यालय अन्तर्गतको हेटौँडास्थित वनविज्ञान अध्ययन संस्थानका एक प्राध्यापकले भने कोरोना भाइरस निर्मूल गर्ने औषधि तयार गरेको दाबी गरेका छन् ।

प्राध्यापक डा. ललितकुमार दासले विभिन्न स्वास्थ्यवर्द्धक जडीबुटीको सम्मिश्रणबाट त्यस्तो औषधिको निर्माण गरेको दाबी गरेका हुन् ।

भारतको बनारस हिन्दू विश्वविद्यालयबाट फाइटो केमेस्ट्रीमा पीएचडी उपाधि हासिल गरेका डा. दासले करिब २५ दिनदेखि आफ्नो प्रयोगशालामा केही एन्टीअक्सिडेन्ट याक्टिभिटी र इन्जिमेटिक याक्सन भएको प्लान्ट लिएर शोध गरी सो औषधि तयार गरेको जानकारी गराए ।

वन विज्ञान अध्ययन संस्थानको प्रयोगशालामा यसको थप परीक्षणका लागि चाहिने सुविधा नभएको बताउँदै डा. दासले सरोकारवालासँग सहयोगको आह्वानसमेत गरेका छन् । उनले कोरोना भाइरसको औषधि निर्माण गर्न कडा मेहेनत गरेको र यस क्रममा विभिन्न निर्देशिकाहरू अनुरुप काम गरेको दाबी पनि गरे ।

यसअघि उनले जडीबुटीमा आधारित हर्वल स्यानिटाइजर बनाएका थिए । अध्ययन संस्थानका प्रमुख विजय यादवलगायतका वैज्ञानिक र रसायनविज्ञहरूले उनले अनुसन्धान गरेको प्रयोगशालामा पुगेर जानकारीसमेत लिएका छन् ।

चीन, जर्मनी, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, फ्रान्स र क्यानाडालगायतका दर्जनौं मुलुकमा कोरोनाको उपचार पद्धति र औषधिको खोजी भइरहेको तर सफलता हासिल नभइसकेको अवस्थामा नेपालका वैज्ञानिकले तयार गरेको यो औषधिको थप परीक्षण हुन बाँकी नै छ ।

नेपाल सरकार, विश्वविद्यालयहरू तथा विश्व स्वास्थ्य सङ्गठनजस्ता अधिकारिक निकायले आवश्यक परीक्षणको व्यवस्था गरेमा यसको प्रभावकारिताबारे निस्कर्षमा पुग्न सकिनेछ । डा. दासको दाबीलाई पुष्टि गर्न धेरै चरण पार गर्नुपर्ने छ ।

विगत २२ वर्षदेखि अनुसन्धान र अध्यापनमा संलग्न डा. दास वाग्मती प्रदेशको केमिकल सोसाइटीका उपाध्यक्षसमेत हुन् ।

## जबर्जस्ती करणीका सात घटनामा उजुरी

**झापा, बैशाख १७।** एक महिनामा कपिलबस्तुमा जबर्जस्ती करणीका सात घटनामा उजुरी दिइएको छ ।

कोरोना भाइरस (कोभिड -१९) संक्रमण नियन्त्रणका लागि एक महिनादेखि जारी लकडाउन अवधिमा जिल्लामा जबर्जस्ती करणीका घटना भएको कपिलवस्तु प्रहरीले जनाएको छ ।

घटनाका पीडितमा १० किशोरी र एक महिला छन् । किशोरीहरु आफन्त र चिनजान भएका व्यक्तिबाटै पीडित भएका छन् । घटना आफन्त र छरछिमेकबाट भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुनिल मल्लले जानकारी दिए । जबर्जस्ती करणीका सात मुद्दा दर्ता भई अदालतबाट म्याद थपिएको उनले बताए

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई



ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्ने छन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पहिलेको सफलताले थप हौसला जगाउनेछ । विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । विगतका कमी-कमजोरीलाई सुधार गर्ने मौका छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** काममा अनायासै व्यवधान देखा पर्न सक्छ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पनि दुःख पाइनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मेहनतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** कृषि तथा पशुपालनमा त्यति लाभ नभए पनि व्यापारमा प्रशस्त फाइदा हुनेछ । दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । प्रतिफल हात पार्न केही समय लाग्नेछ । व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विभिन्न अवसरले पछ्याउने छन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।